# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

## गभर्नर डा. खतिवडा र बैंक उपाध्यक्ष बीच बैठक

दक्षिण पूर्वी एसियाली केन्द्रीय बैंकहरूको संगठन : सिसन (South East Asian Central Banks : SEACEN) को काठमाडौंमा भइरहेको ४९ औं गभर्नर्स सम्मेलन तथा ३३ औं बोर्ड अफ गभर्नर बैठकको क्रममा गभर्नर डा. युवराज खतिवडा र एसियाली विकास बैंकका Vice President Mr. Thierry De Longuemar बीच आज २०७० मंसिर ७ गते बैठक सम्पन्न भयो । सो बैठकमा गभर्नर डा. खतिवडाले नेपालको समष्टिगत आर्थिक अवस्थाबारे सङ्क्षिप्त प्रकाश पार्नुभएको थियो ।

सो बैठकमा उहाँहरूबीच पारस्पारिक चासोका विषयहरूका साथै वित्तीय सेवा प्रवाहको ढाँचा सुदृढीकरणका लागि पुँजीबजारको विकासका साथै स्थानीय मुद्रामा बन्ड जारी गर्ने र स्रोतको परिचालन गर्ने सम्बन्धमा छलफल भएको थियो । साथै उहाँहरुबीच स्वपुँजी परिचालनमा सहभागिता प्रवर्द्धन गर्नु आवश्यक रहेको सम्बन्धमा समेत चर्चा भएको थियो ।

सिसन गभर्नर सम्मेलनका क्रममा Speaker का रूपमा वार्ता प्रस्तुत गर्न Vice President Mr. Longuemar काठमाडौं आउनुभएको हो ।

मिति २०७० मंसिर ७ गते, शुक्रबार
गभर्नरको कार्यालय